# नेपाल राष्ट्र बैंक

## प्रेस विज्ञप्ति

गभर्नर डा. युवराज खतिवडा अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको सन् २०११ को संयुक्त वार्षिक बैठकमा भाग लिन हिजो संयुक्त राज्य अमेरिकाको वासिङ्गटनतर्फ प्रस्थान गर्नुभयो । असोज ६-८ गते (September 23-25, 2011) सम्म वासिङ्गटन डिसीमा हुने उक्त बैठकका विभिन्न सेमिनार तथा कार्यक्रममा गभर्नर डा. खतिवडा सहभागी हुनु हुनेछ ।

उक्त बैठकको सिलसिलामा असोज ८ गते हुने सार्कफाइनान्सका गभर्नरहरूको २३ औं बैठक (23rd SAARCFINANCE Governors' Meeting) मा पनि गभर्नर डा. खतिवडा सहभागी हुनु हुनेछ ।

संयुक्त वार्षिक बैठक पश्चात् अन्तर्राष्ट्रिय मुद्रा कोषले असोज ९ गते वासिङ्गटनमै आयोजना गर्ने Technical Assistance and Training: Tackling the Crisis and Building Institutions for the Future विषयक सेमिनारको Building Institutions for the Future विषयमा हुने दोस्रो सत्रको अध्यक्षता गभर्नर डा. खतिवडाले गर्ने कार्यक्रम छ ।

यसै क्रममा गभर्नर डा. खतिवडाले अन्तर्राष्ट्रिय मुद्रा कोषको एसिया प्यासिफिक डिपार्टमेन्ट (APD) का प्रमुख श्री अनुप सिंह तथा मालदिभ्सको केन्द्रीय बैंकका गभर्नर श्री फजिल नजिबसँग भेटघाट गर्ने कार्यक्रम रहेको छ ।

बैठकमा भाग लिन गभर्नर डा. खतिवडाका साथ बैंकको अनुसन्धान विभागका कायममुकायम कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठ पनि जानुभएको छ । उहाँहरूको असोज १२ गते स्वदेश फर्कने कार्यक्रम छ ।

मिति : २०६८ असोज ३ गते मङ्गलबार

गभर्नरको कार्यालय